## अनुसूची-१

## करारमा लिने कृषि स्नातक प्राविधिकको (कृषि विज्ञान तर्फ) कार्यविवरण

## (दफा ६(१) सँग सम्बन्धित)

१)स्थानीय तहको कृषि विकास सम्बन्धी गर्नु पर्ने विभिन्न क्रियाकलापहरुको सञ्चालन तथा सहजीकरण गर्ने ।

२)स्थानीय तहमा वित्तिय हस्तान्तरण भएका कार्यक्रमहरुको कार्यान्वयन तथा सहजीकरण गर्ने ।

३)पालिका अन्तरगत सञ्चालित कृषि कार्यक्रमहरुको मासिक, त्रैमासिक र बार्षिक प्रगतिहरु निर्धारित ढाँचामा तयार गरी सम्बन्धित निकायमा सम्प्रेषण गर्ने ।

४)पालिकाको किसान सुचीकरण कार्य र कृषि तथ्याङ्क अध्यावधिक गर्ने ।

५)बजार पूर्वाधार, नर्सरी, एग्रोभेट, स्थानीय तहमा दर्ता भएका कृषि सहकारी, समूह तथा कृषि उद्यमहरुको विवरणसहितको पालिका स्तरीय कृषि प्रोफायल तयार गर्ने ।

६)स्थानीय आवश्यकता पहिचानका आधारमा कृषि प्रसार सेवा प्रवाह गर्ने ।

७)आकस्मिक वाली संरक्षण सेवा प्रदान गर्ने र प्राविधिक सेवा प्रदानमा समन्वय गर्ने।

८)कृषि बिमा र सहुलियत कृषि कर्जाका लागि सहजीकरण गर्ने ।

९)संघ तथा प्रदेशका कृषि सम्बन्धी सरकारी तथा गैर सरकारी संघ संस्थाहरुसँग आवश्यकता अनुसार समन्वय गर्ने ।

१०) अनुसन्धानपछि आएका नविन प्रविधि अनुसरणका लागि पालिकाका कृषक समुदायमा प्रचार प्रसार गर्ने ।

११) पालिकाको योजना तर्जुमा कार्यमा कृषि शाखाका प्राविधिकहरुलाई सहयोग गर्ने।

१२) स्थानीय महत्वका बाली वस्तुहरुको उत्पादन तथा व्यवसायिक योजना तयार गर्ने।

१३) कृषि सम्बन्धी न्यूनतम पूर्वाधारहरुको सम्भाव्यता अध्ययन गर्ने ।

१४) पालिकाले तोके बमोजिमको अन्य कार्यहरु गर्ने ।